मिति : २०७७/५/१८ गते (बिहीबार) स्थान : पोखरा सभागृह,

बैठक सख्या :४१ समय : दिउसो २ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री मान बहादुर जि.सी.ज्यूको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको बैठक महानगरपालिकाको सभाकक्षमा तपसिल बमोजिको उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो ।

उपस्थिती :

| | | | |
|---|---|---|---|
| अध्यक्ष | श्री मानबहादुर जि.सी. | प्रमुख | |
| सदस्य | श्री मञ्जुदेवी गुरुङ्ग | उप-प्रमुख | |
| सचिव | श्री महेश बराल प्रमुख | प्रशासकीय अधिकृत | |
| सदस्य | श्री शारदा पराजुली | वडा अध्यक्ष वडा नं. १ | |
| सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष वडा नं. २ | |
| सदस्य | श्री रबिन्द्र बहादुर प्रजु | वडा अध्यक्ष वडा नं. ३ | |
| सदस्य | श्री शंकर प्रसाद बँस्तोला | वडा अध्यक्ष वडा नं. ४ | |
| सदस्य | श्री धनबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ५ | |
| सदस्य | श्री जगतबहादुर पाहारी | वडा अध्यक्ष वडा नं. ६ | |
| सदस्य | श्री रामचन्द्र वराल | वडा अध्यक्ष वडा नं. ७ | |
| सदस्य | श्री रुद्रनाथ वराल | वडा अध्यक्ष वडा नं. ८ | |
| सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष वडा नं. ९ | |
| सदस्य | श्री राजकुमार गरुङ्ग | वडा अध्यक्ष वडा नं. १० | |
| सदस्य | श्री मोहन प्रसाद बाँस्तोला | वडा अध्यक्ष वडा नं. ११ | |
| सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १२ | |
| सदस्य | श्री लेखबहादुर तामाङ्ग | वडा अध्यक्ष वडा नं. १३ | |
| सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १४ | |
| सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष वडा नं. १५ | |
| सदस्य | श्री जिबन प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. १६ | |
| सदस्य | श्री तिर्थराज अधिककारी | वडा अध्यक्ष वडा नं. १७ | |

सदस्य श्री रणबहादुर थापा वडा अध्यक्ष वडा नं. १८

सदस्य श्री शोभामोहन पौडेल वडा अध्यक्ष वडा नं. १९

सदस्य श्री सिमबहादुर गुरुङ्ग वडा अध्यक्ष वडा नं. २०

सदस्य श्री खगराज आचार्य वडा अध्यक्ष वडा नं. २१

सदस्य श्री मित्रलाल वराल वडा अध्यक्ष वडा नं. २२

सदस्य श्री विष्णु प्रसाद पराजुली वडा अध्यक्ष वडा नं. २३

सदस्य श्री ओम प्रसाद सुवेदी वडा अध्यक्ष वडा नं. २४

सदस्य श्री शोभाकर तिमिल्सीना वडा अध्यक्ष वडा नं. २५

सदस्य श्री नारायण प्रसाद वराल वडा अध्यक्ष वडा नं. २६

सदस्य श्री पूर्णकुमार गुरुङ्ग वडा अध्यक्ष वडा नं. २७

सदस्य श्री निर्मल दियाली वडा अध्यक्ष वडा नं. २८

सदस्य श्री चेतबहादुर गुरुङ्ग वडा अध्यक्ष वडा नं. २९

सदस्य श्री श्रीराम पोखरेल वडा अध्यक्ष वडा नं. ३०

सदस्य श्री कमल बहादुर थापा वडा अध्यक्ष वडा नं. ३१

सदस्य श्री अक्कल बहादुर कार्की वडा अध्यक्ष वडा नं. ३२

सदस्य श्री शिबप्रसाद आचार्य वडा अध्यक्ष वडा नं. ३३

सदस्य श्री पुष्पा घले पहारी पो.म.न.पा. वडा नं. ६

सदस्य श्री बुधराज भुजेल (भिमसेन) पो.म.न.पा. वडा नं. ६

सदस्य श्री ओम प्रसाद गौचन पो.म.न.पा. वडा नं. ७

सदस्य श्री यशोदा के.सी.भट्टराई पो.म.न.पा. वडा नं. १४

सदस्य श्री राधिका शाही योगि पो.म.न.पा. वडा नं. १७

सदस्य श्री मनबुजा बि.क. पो.म.न.पा. वडा नं. २०

सदस्य श्री सन्तुदेवी सुवेदी पो.म.न.पा. वडा नं. २४

सदस्य श्री चतुरे बि.क. पो.म.न.पा. वडा नं. ३१

श्री भरतराज पौडेल पो.म.न.पा.

श्री किरण प्रसाद कोइराला -॥- -॥-

श्री सपना गौतम -॥- -॥-

श्री नारायण प्रसाद अधिकारी -॥- -॥-

श्री रामजी उपाध्याय -॥- -॥-

श्री छलेश्वर शर्मा -॥- -॥-

## ४१ औं कार्यपालिका बैठकका छलफलका विषयहरु :

**(क) नियमित प्रशासनिक विषयहरु :**

१.सेवा केन्द्रको विषयमा समिक्षा गर्ने सम्बन्धी ।

२.संचालित विकास निर्माणका आयोजनाको म्यादथप गर्ने सम्बन्धमा ।

क) ठेक्का सम्झौताको २४ योजनाहरुको म्याद थप गर्ने सम्बन्धमा ।

ख) गत आर्थिक वर्षबाट यस आ.व.मा सरी आएका १०२ वटा उपभोक्ता समितिका योजनाहरुको म्याद थप गरी भुक्तानी गर्ने सम्बन्धमा ।

३. संचालित १६ वटा विकास निर्माणका आयोजनाहरुको Variation Order (VO) स्वीकृत गर्ने सम्बन्धमा ।

४.सहकारीको दर्ता अधिकारी तोक्ने सम्बन्धमा ।

५.शहरी योजना आयोग (CPC) मार्फत संचालित गतिविधिहरुको जानकारी र आवश्यक सहयोग सम्बन्धमा ।

६.राजस्व छुट तथा ज्यादा भुक्तानी भएको रकम फिर्ता सम्बन्धमा ।

७. पार्किङ ठेक्काको शर्त संशोधन गर्ने सम्बन्धमा ।

८. नक्सा अभिलेखीकरणको समय सीमा थप गर्ने सम्बन्धमा ।

९. लकडाउन अवधिमा म्याद समाप्त भएका भवन निर्माण ईजाजत सम्बन्धी ।

१०. स्थानीय दर रेट स्वीकृत गर्ने सम्बन्धमा ।

११. **"घ"** वर्गको निर्माण इजाजत सम्वन्धी ।

१२. कोभिडको कारणले छुट तथा सहुलियत माग गरिएको बिषयहरु ।

१३. कार्यविधिहरु छलफल तथा परित गर्ने सम्बन्धी ।

क) वातावरण सम्बन्धी कार्यविधि ।

ख) उप प्रमुखसंग महिला कार्यक्रम कोष संचालन निर्देशिका २०७७ ।

ग) कृषि बजार निर्देशिका, २०७७ ।

घ) व्यवसाय कर सम्बन्धी कार्यबिधि, २०७७

ङ) घर बहाल कर व्यवस्थापन कार्यबिधि, २०७७

च) विज्ञापन कर संकलन कार्यबिधि, २०७७

छ) निजी जगगाबाट प्राकृतिक स्रोत साधनको संकलन, उत्खनन तथा ओसार पसारको लागि इजाजत प्रदान गर्ने कार्यबिधि, २०७७

ज) आय ठेक्का बन्दोबस्त नियमावली , २०७७

१४. बार्षिक समिक्षा आयोजना गर्ने सम्बन्धी ।

१५. दैनिक ज्यालादारीमा स.क.अ./हेभि चालक/ईन्जिनियर लगायतका कर्मचारीहरुलाई कामकाज गर्न खटाउने सम्बन्धमा ।

१६. उपभोक्ता समितिबाट संचालित आयोजनामा जनसहभागिता कम वा मिनाह गर्ने सम्बन्धी ।

१७. फोहरमैला व्यवस्थापन कार्यको लागि नयाँ प्रवन्धको सम्भावना अध्ययन गर्ने र हाल परिचालित संस्थाहरुको साविकको शर्त वमोजिम चालु आ.व.को पहिलो चौमासिकको लागि म्याद थप गर्ने सम्बन्धी ।

१८. पोखरा-२९, शिशुवाको कि.न. ३९०१, ३९०२ र ३९०३ बमोजिमको १३-१५-२-२ क्षेत्रफलको जग्गा गण्डकी बहुप्राविधिक शिक्षालय उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धी ।

१९. वडा कार्यालयहरुमा खर्च खाता संचालन गर्ने सबन्धमा ।

२०. जनप्रतिनिधिको सुविधा सम्बन्धमा ।

**(ख) महानगरपालिकाको प्रशासन सुधार सम्बन्धी विषयहरु**

१. राजश्व प्रशासन सुधार सम्वन्धी विषयहरु,

(ठुला करदाता शाखा स्थापना, आय ठेक्का व्यवस्थापन शाखा र राजश्व शाखा गरी विशिष्टिकरण गर्ने)

२. पुरानो दमकलमा महानगरको दोस्रो कार्यालय भवन निर्माण सम्बन्धमा ।

३. शहरका महत्वपूर्ण क्षेत्र तथा प्रवेश नाकामा एकिकृत र बृहत स्तरमा, CCTV राख्ने र लागत साझेदारी गरी प्रविधिबाट सुरक्षा कार्यान्वयन सम्बन्धमा ।

४. बसपार्कको प्रवेशद्धार अन्तराष्ट्रिय मापदण्ड बमोजिमको बनाउन केही जग्गा प्राप्ति गर्ने सम्वन्धी ।

५. Asphalt Plant को स्थापना तथा पुर्वाधार विकास कम्पनीको स्थापना गर्न संभाब्यता अध्ययन सम्वन्धी ।

६. प्रमुख प्रशासकीय अधिकृतको लागि आवास निर्माण गर्न नगर विकास समिति संग जग्गा माग गर्ने सम्वन्धी ।

७. नगर प्रहरी नियुक्ति प्रकृया आरम्भ गर्ने सम्वन्धी ।

८. कार्यालयतर्फको प्रवक्ता तोक्ने सम्बन्धी ।

९. अस्थायी, करार र सेवा करारका कर्मचारीले पाएको अतिरिक्त सुविधाको विषयमा लेखा परिक्षण प्रतिवेदनमा प्रश्न उठेकोले यस्ता कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने विषयमा अध्ययन गर्ने सम्वन्धी ।

१०. नक्सामा Third Party Verification मार्फत सेवाको गुणस्तर परीक्षण गर्ने सम्वन्धी ।

११. राजश्व प्रशासनमा प्रविधिको मद्दतले भएको वा हुन सक्ने चुहावटको Technical Audit गर्ने सम्बन्धी ।

१२. विज्ञापन कर संकलनलाई बैज्ञानिक बनाउन लगत तयार गर्ने र उक्त विवरणलाई कर प्रशासन संग आवद्ध गर्ने सम्बन्धी ।

१३. विविध प्रकृतिका अंग्रेजी भाषाका सिफारिसको स्तरिकरण गर्ने सम्बन्धी ।

१४. लेखनाथ स्थित तालहरुको मापदण्डको बारेमा

१५. जिप फ्लायरको निबेदनको बारेमा

१६. संघिय सरकारको बाबालबालिका संरक्षण ऐन कार्यान्वयन गर्ने बारेमा

**(ग) विविध**

**निर्णय नं १.** प्रस्ताव १ माथि छलफल हुंदा महानगरपालिकाकाले विगतमा पांच वटा सेवा केन्द्रबाट वडाहरुमा सेवा प्रवाह गरेकोमा चालु आर्थिक वर्ष देखि वडा कार्यालयमा वजेट तथा कार्यक्रमकको अख्तियारी सहित अधिकार प्रत्यायोजन हुने भएकाले

क) हाल स्थापीत पांचवटा सेवा केन्द्र बन्द गर्ने ।

ख) उक्त सेवा केन्द्रमा रहेका प्रशासनीक कागज पत्र र नक्शा सम्बन्धी कागजात सेवा केन्द्रको साविकको प्रमुखले सम्बन्धित वडा कार्यालयमा वुझाउने ।

ग) सेवा केन्द्रमा रहेका फर्निचरहरु भण्डार शाखाले व्यवस्थापन गर्ने, र यस क्रममा, साविकमा सेवा केन्द्र रहेको वडा कार्यालयमा आवश्यक पर्ने फर्निचर सोही वडा कार्यालयमा हस्तान्तरण गर्न प्राथमिकता दिने ।

**निर्णय नं २.** प्रस्ताव नं. २क. माथि छलफल हुंदा गत आ.व. सम्झौता भई कार्यान्वयनमा गएका योजनाहरुको सम्पन्न गर्ने म्याद लकडाउनको अवधिमा परि योजना सम्पन्न हुन नसकेकोमा त्यस्ता योजनाहरुको सार्वजनिक खरिद नियमावलीको दशौं संशोधन तथा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७।३।२९को निर्णय वमोजिम तपशिल वमोजिमको तालीका वमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

| S.N | Name of Contract | Contract ID | Estimate Amount(With VAT and PS) | Name of Contractor | Aggrement Amount (with VAT and PS) | Date of Aggrement | Date of Completion | Progress Till Date | Time Extension Upto |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manakamana Mandir Dekhi Culvert Swagat Tole Samma Sadak Dhalan and Bulaudi Khola ma Culvert Nirman | 7/PMC/NCB/W/2076-077 | 4898717.98 | GSR/Nepales JV, Pokhara | 3141735.55 | 2076.9.14 | 2077.1.18 | 95% | 30th Bhadra 2077 |
| 2 | Upgrading of Toripani Sarangkot Road, PMC-18 | 8/PMC/NCB/W/2076-077 | 14921957.36 | p.L. construction,Pokhara | 9830737.84 | 2076.10.17 | 2077.02.16 | 40% | 15th Kartik 2077 |
| 3 | Upgrading of Udbir Chautara Dharapani Katuje Bulaudi Jarebar Road,PMC 5,6,18 | 11/PMC/NCB/W/076-077 | 4988712.43 | Nepalese Construction, Pokhara 18 | 3501143.134 | 2076.11.01 | 2077.01.31 | 0% | 15th Kartik 2077 |
| 4 | Upgrading of Nyaurung ko Paharo Swasthe Chauki Toripani Sadak Jane Bato,PMC-18 | 12/PMC/NCB/W/076-077 | 4498883.57 | Bindabasini Nirman Sewa,Pokhara 18 | 3342661 | 2076.10.05 | 2077.02.04 | 40% | 15th Kartik 2077 |
| 5 | Construction of Boundary Wall and Fencing Work at Rastriya Bibhuti Park, PMC-18 | 14/PMC/NCB/W/076-077 | 9031413.32 | MNC/Loyal JV, Pokhara | 5876039.24 | 2076.10.05 | 2077.02.04 | 90% | 15th Ashoj 2077 |
| 6 | Upgrading of Omkareshowr Mandir Dekhi Thulakhor Patneri Hudai Chirgaadi Pul Samma Sadak,PMC-29 | 15/PMC/NCB/W/076-077 | 10000000 | GSR Nirman Sewa, Pokhara-5 | 5614153.4 | 2076.11.01 | 2077.02.32 | 15% | 15th Kartik 2077 |
| 7 | Thulkot Park Boundary Wall & Foot Step Construction Work, PMC-28(Contract ID No: | 16/PMC/NCB/W/076-077 | 2500000 | Loyal construction, Pokhara 14 | 1611488.6 | 10/27/2067 | 2077.02.26 | 5% | 15th Kartik 2077 |
| 8 | Madan Aasrit Park Boundary Wall Construction Work,PMC-16 | 17/PMC/SQ/W/076-077 | 1300670.03 | GSR/Nepales JV, Pokhara | 908087 | 01.11.2076 | 2077.1.31 | 10% | 15th Ashoj 2077 |
| 9 | Suikhet khola Niyantran ko lagi Tatbandha Construction work, PMC-25 | 18/PMC/NCB/W/076-077 | 5498145.14 | B.G.Nirman Sewa,Pokhara 15 | 2850930 | 2076.11.19 | 2077.03.15 | 90% | 30th Bhadra 2077 |
| 10 | Upgrading of Jalpa Marga Road and Side Drain Construction Work,PMC-8 | 20/PMC/NCB/W/076-077 | 10056825.66 | MNC/Loyal JV, Pokhara | 6886597 | 2076.10.27 | 2077.02.26 | 40% | 15th Kartik 2077 |
| 11 | Upgrading of Kahunkhola Buduwa Gramid Sadak,PMC-13 | 21/PMC/NCB/W/076-077 | 4995715.84 | Amar Construction,Pokhara 13 | 2852883.61 | 2076.11.02 | 2077.03.01 | 20% | 15th Kartik 2077 |
| 12 | Upgrading of Sajha Jimire Tole Sadak,PMC-13 | 22/PMC/NCB/W/076-077 | 9999454.96 | Amar Construction,Pokhara 13 | 6206235.7 | 2076.11.02 | 2077.03.01 | 20% | 15th Kartik 2077 |
| 13 | Armaja Bhir , Baniya Thar Dhakal Thar sadak, Barla Bot Road,Simtaal Bhamare Gaira Road,Shiba Bhangyang Musi Pokhari Road Construction works,PMC-18 | 23/PMC/NCB/W/2076-077 | 4976691.66 | Yug Builders and Suppliers Pokhara 15 | 3399612.81 | 2076.11.12 | 2077.03.11 | 45% | 15th Kartik 2077 |
| 14 | Bijayapur Khel Maidan Nirman, PMC-26 | 24/PMC/SQ/W/2076-077 | 1997070.87 | Loyal construction, Pokhara 14 | 1095909.725 | 2076.11.02 | 2077.02.02 | 0% | 15th Kartik 2077 |
| 15 | Upgrading of Chapakot Devisthan Road, PMC-25 | 25/PMC/NCB/W/076-077 | 2999327.76 | Yug Builders and Suppliers Pokhara 15 | 2244838 | 2076.11.12 | 2077.03.11 | 10% | 15th Kartik 2077 |
| 16 | Upgrading of Khuttako Gauda Soti Pasal Bhitri Road , PMC-25 | 26/PMC/NCB/W/076-077 | 11999837.73 | p.L. construction,Pokhara | 8338216 | 2076.11.15 | 2077.03.15 | 40% | 15th Kartik 2077 |
| 17 | Shiva Chowk -Milan Tole Samma Bato Dallan ,PMC-10 | 28/PMC/NCB/W/2076-2077 | 3998595.62 | Sita Builders, Pokhara 12 | 2885749 | 2076.11.19 | 2077.03.15 | 90% | 15th Bhadra 2077 |
| 18 | Upgrading of Ki Singh Pul -Mahendra Gufa Road and Construction of side drain ,PMC-16 | 30/PMC/NCB/W/2076-077 | 14986765.09 | Nihit Construction,Pokhara 10 | 8719511 | 2076.11.16 | 2077.03.15 | 70% | 15th Kartik 2077 |

| S.N | Name of Contract | Contract ID | Estimate Amount(With VAT and PS) | Name of Contractor | Aggrement Amount (with VAT and PS) | Date of Aggrement | Date of Completion | Progress Till Date | Time Extension Upto |
|---|---|---|---|---|---|---|---|---|---|
| 19 | Upgrading of kalika Lekhnath Dhurbapur Jane Road and Construction of Kalika Dalit Basti Hudai Thulakot Foot Track ,PMC-28 | 31/PMC/NCB/W/2076-077 | 4999501.35 | Kalika Engineering and Construction,PMC-30 | 3091031 | 2076.11.20 | 2077.03.15 | 60% | 15th Kartik 2077 |
| 20 | Upgrading of Netta Brutel Abhi Veterinary Road,PMC-28 | 32/PMC/NCB/W/2076-077) | 2499308.64 | Bastola Construction Company Pvt., PMC-17 | 1806078.27 | 2076.11.23 | 2077.03.15 | 10% | 15th Kartik 2077 |
| 21 | upgrading of Maidan thuliswara Dhurseni @ Gahetera Sangam chook Road,PMC 21 | 43/PMC/NCB/W/076-77 | 10000000 | Bastola Construction Company Pvt., PMC-17 | 6352796.99 | 2076.12.03 | 2077.03.15 | 10% | 15th Kartik 2077 |
| 22 | Upgrading of Road From Main Road To Kahun Health Post,PMC-11 | 51/PMC/NCB/W/076-77 | 2002348.17 | Aarushi Construction | 1372401.65 | 2076.11.29 | 2077.03.10 | 35% | 15th Kartik 2077 |
| 23 | Road Repair Work at different location of PMC | 59/PMC/NCB/W/076-77 | 15821693.7 | T.B.Nirman Sewa Pvt.Ltd | 11736543.3 | 2077.02.19 | 2077.03.15 | 0% | 15th Kartik 2077 |
| 24 | Upgrading of Gairapatan Marga Dekhi Balgopal Marga Niskine Bato,PMC-4 | 63/PMC/NCB/W/076-77 | 999646.42 | Nepalese Construction, Pokhara 18 | 727863.51 | 2077.01.23 | 2077.03.16 | 90% | 30th Bhadra 2077 |

निर्णय नं.३.प्रस्ताव नं. २ख. माथि छलफल हुंदा कोभिड-१९ के कारण तथा महानगरपालिकाको आय परिचालन समेतको कारणले समयमै सम्पन्न हुन नसकेका गत आर्थिक बर्षमा उपभोक्ता समितिबाट संचालित भै चालु आर्थिक बर्षमा सरी आएका तथा वार्षिक विकास कार्यक्रम पुस्तिकामा प्रकाशित १०२ वटा योजनाहरुको म्याद २०७७ कार्तिक महिना सम्म थप गरी, संझौता वमोजिम केही काम बाँकी भए सो समेत गर्ने गरी प्राबिधिक मूल्यांकनको आधारमाा भुक्तानी गर्ने ।

**निर्णय नं** ४.प्रस्ताव नं. ३ माथि छलफल हुंदा पोखरा महानगरपालिकाबाट गत विगत आ.व. मा ठेक्का प्रक्रियाबाट संचालनमा रहेका तपसिल बमोजिमका १६ वटा योजनाहरु लागत अनुमान तैयारी गर्ने क्रममा अनुमान गर्न नसकिएको, वा योजना संचालनको क्रममा अत्यावश्यक देखिन गएको काम भनी प्राविधिक महाशाखाबाट आधार र कारण सहित पेश भएका कागजातहरुको मुल्याङ्कन तथा समिक्षा गरी, सो वमोजिम अवस्था पर्न जानुमा लागत अनुमानको गुणस्तर समेत कारणको रुपमा रहेको पहिचान गरी, तथा नगरसभाले उक्त वमोजिम आदेश जारी गर्दा थप हुन जाने लागतको लागि स्रोतको सुनिश्चितता गरी सकेको अवस्थालाई समेत विचार गरी संलग्न सूची वमोजिम Variation Order स्वीकृत गरी सोही तालीकामा उल्लिखित अवधि सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**पुनश्चः** यसमा मिति २०७७।३।२३ को कार्यपालिका बैठकको निर्णय नं. २ समेत यसै विषय संग सम्बन्धीत भएको र हाल सम्म उक्त निर्णय कार्यान्वयन नभएकाले उक्त निर्णयमा लेखिएको विषयलाई यसै निर्णय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

Pokhara Metropolitan City
Office of Municipal Executive
New Road, Pokhara
Gandaki Province, Nepal

# Variation Details Of Contracts

| क्र.स | वडा न | योजनाको नाम | ठेक्का न | निर्माण व्यवसायी | लागत अनुमान | ठेक्का सम्झौता रकम | संसोधित लागत अनुमान | संसोधित ठेक्का सम्झौता रकम | लागत अनुमान र संसोधित लागत अनुमानमा फरक अंक | लागत अनुमान र संसोधित लागत अनुमानमा फरक प्रतिशत | ठेक्का सम्झौता र संसोधित ठेक्का सम्झौतामा | ठेक्का सम्झौता र संसोधित ठेक्का सम्झौतामा | भेरियशन पूर्व ठेक्का घटेको रकम | भेरियशन पश्चात ठेक्का घटेको रकम | भेरिएसन प्रतिसत | म्याद थप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 26,28, 31 | Upgrading of Bijaypur-Majhthana-Begnas Road Package - I | 132/PMC/NCB /W/075-76 | Jwala Nirman Sewa | 19,547,179.26 | 12,353,055.53 | 23,549,928.21 | 14,145,101.34 | 4,002,748.95 | 20.48% | 1,792,045.81 | 14.51% | 36.80% | 39.9 % | 14.51% | ०७/३०/२०७७ |
| २ | 26,28, 31 | Upgrading of Bijaypur-Majhthana-Begnas Road Package - II | 133/PMC/NCB /W/075-76 | Jwala Nirman Sewa | 19,690,539.25 | 12,559,926.01 | 24,323,928.14 | 14,391,605.87 | 4,633,388.89 | 23.53% | 1,831,679.86 | 14.58% | 36.21% | 40.83% | 14.58% | ०७/३०/२०७७ |
| ३ | 26,28, 31 | Upgrading of Bijaypur-Majhthana-Begnas Road Package - III | 134/PMC/NCB /W/075-76 | Jwala Nirman Sewa | 19,704,262.87 | 12,631,955.18 | 21,843,861.19 | 13,537,784.77 | 2,139,598.32 | 10.86% | 905,829.59 | 7.17% | 35.89% | 38.02% | 7.17% | ०७/३०/२०७७ |
| ४ | 26,28, 31 | Upgrading of Bijaypur-Majhthana-Begnas Road Package - IV | 135/PMC/NCB /W/075-76 | Mir Nepal Construction | 19,494,298.71 | 11,403,858.22 | 20,674,281.96 | 11,465,238.41 | 1,179,983.25 | 6.05% | 61,380.19 | 0.54% | 41.50% | 44.54% | 0.54% | ०७/३०/२०७७ |
| ५ | 26,28, 31 | Upgrading of Bijaypur-Majhthana-Begnas Road Package - V | 136/PMC/NCB /W/075-76 | PL Construction | 17,601,836.79 | 11,151,284.43 | 21,276,903.09 | 11,683,786.88 | 3,675,066.30 | 20.88% | 532,502.45 | 4.78% | 36.65% | 45.09% | 4.78% | ०७/३०/२०७७ |
| ६ | 26,28, 31 | Upgrading of Bijaypur-Majhthana-Begnas Road Package - VI | 137/PMC/NCB /W/075-76 | Sundar Nirman Sewa | 19,815,272.18 | 12,333,285.56 | 21,934,361.19 | 13,279,296.09 | 2,119,089.01 | 10.69% | 946,010.53 | 7.67% | 37.76% | 39.46% | 7.67% | ०७/३०/२०७७ |
| ७ | 18,24, 23 | Baidam-Pame-Panchase (Khapaudi Culvert-Bhakundedanda) | 122/PMC/NCB /W/075-76 | Chandra Bishnu Construction | 19,424,389.61 | 12,968,609.30 | 19,369,673.02 | 12,725,384.87 | (54,716.59) | -0.28% | (243,224.43) | -1.88% | 33.24% | 34.30% | -1.88% | ०९/२९/२०७७ |
| ८ | 18,24, 23 | Baidam-Pame-Panchase (Bhakundedanda-Chankapur) | 123/PMC/NCB /W/075-76 | Chandra Bishnu Construction | 19,428,286.90 | 13,210,199.46 | 19,606,806.57 | 12,981,312.75 | 178,519.67 | 0.92% | (228,886.71) | -1.73% | 32.01% | 33.79% | -1.73% | ०९/२९/२०७७ |
| ९ | 18,24, 23 | Baidam-Pame-Panchase (Chankapur-Pame Bazzar) | 124/PMC/NCB /W/075-76 | Chandra Bishnu Construction | 19,425,672.53 | 13,211,903.34 | 19,763,119.23 | 13,157,525.23 | 337,446.70 | 1.74% | (54,378.11) | -0.41% | 31.99% | 33.42% | -0.41% | ०९/२९/२०७७ |
| १० | 28 | Upgrading of Arupata Kalika Road | 84/PMC/NCB/ W/075-76 | Biruwa Simran JV, Pokhara | 30,978,948.21 | 22,183,654.95 | 30,695,211.84 | 21,366,198.88 | (283,736.37) | -0.92% | (817,456.07) | -3.68% | 28.39% | 30.39% | -3.68% | ०७/३०/२०७७ |
| ११ | 18 | Upgrading of Deurali Balgriha Kameregaunda Road | 58/PMC/NCB/ W/075-76 | Radhakrishna KD JV PMC-5, Kaski | 21,683,678.17 | 16,771,168.12 | 25,237,239.40 | 19,283,869.12 | 3,553,561.23 | 16.39% | 2,512,701.00 | 14.98% | 22.66% | 23.59% | 14.98% | ०९/२९/२०७७ |
| १२ | 20 | Upgrading of Manipal Ryalchaur Mauja Bisauna Sikles Manang Road | 59/PMC/NCB/ W/075-76 | Royal Shanidev JV, Mahendranagar, Kanchanpur | 93,200,183.72 | 66,017,765.26 | 99,080,752.78 | 66,010,612.27 | 5,880,569.06 | 6.31% | (7,152.99) | -0.01% | 29.17% | 33.38% | -0.01% | [illegible]/२०७७ |
| १३ | 24 | Upgrading of Pame Ward No 24 Road | 48/PMC/NCB/ W/075-76 | KD Construction, Pokhara-5 | 7,305,333.38 | 4,692,990.97 | 6,635,162.40 | 4,252,130.00 | (670,170.98) | -9.17% | (440,860.97) | -9.39% | 35.76% | 35.92% | -9.39% | ०७/३०/२०७७ |
| १४ | 23,24 | Construction of Check Dams and Silt Traps at Fewa Watershed: package 4: At Betiani khola | 148/PMC/NCB /W/075-76 | Shree Geeta Construction-Jaya Nepal J.V | 62,058,705.90 | 56,110,099.00 | 64,741,728.23 | 56,846,644.77 | 2,683,022.33 | 4.32% | 736,545.77 | 1.31% | 9.59% | 12.19% | 1.31% | ०७/३०/२०७७ |
| १५ | 23 | Baidam-Pame-Sidhane-Panchase Road(Chainage 18+000 to 23+000) | 128/PMC/NCB /W/075-76 | KD Construction, Pokhara-5 | 15,363,687.82 | 9,928,456.85 | 14,394,384.91 | 9,300,734.79 | (969,302.91) | -6.31% | (627,722.06) | -6.32% | 35.38% | 35.39% | -6.32% | ०७/३०/२०७७ |
| १६ | 23 | Upgrading of Katre-Bamdi-Ghatichhina Road, Pokhara-23 | 61/PMC/NCB/ W/075-76 | Gajindra/Shree Gita Construction J.V.,Syangja | 99,659,574.78 | 70,437,417.85 | 106,716,174.62 | 75,181,483.41 | 7,056,599.84 | 7.08% | 4,744,065.56 | 6.74% | 29.32% | 29.55% | 6.74% | ०७/३०/२०७७ |

**निर्णय नं ५.** प्रस्ताव नं. ४ माथि छलफल हुंदा पोखरा महानगरपालिकाको सहकारी ऐन,२०७५ को दफा ६९ वमोजिम यस महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं ६.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा, यस महानगरपालिकाको सहरी योजना आयोगले महानगरपालिकाको योजना गर्ने तथा नीती निर्कारणका कार्यमा संचालन गरीरहेको कृयाकलापहरुको संक्षीप्त जानकारी भयो । उक्त आयोगबाट संचालित कृयाकलापको विषयमा निम्नानुसार गर्ने निर्णय गरियो :

क) तथ्यांक संकलन कार्यमा सरोकारवाला ब्यक्ति तथा संस्थाले आ आफ्नो स्थानबाट आवश्यक सहयोग गर्ने

ख) तथ्याङ्क संकलन कार्यमा खटिएका गणकहरुलाइमापदण्ड अनुसार तोकिएको पारिश्रमिक उपलब्ध गराउने

**निर्णय नं ७.** प्रस्ताव नं. ६ माथि छलफल हुंदा पोखरा महानगरपालिकाको वडा नं २५ को R.N. R Real state Pvt. Ltd. को नाउंमा रहेका भवनको भवन नियमित तथा अभिलेखिकरण गर्दा भुलले तिनगुना राजस्व मुल्यांकन भई रु. २७९७९।७७ हुनुपर्नेमा रु. ८३९३७३० भई बढी मुल्यांकन भई जम्मा भएको रकम रु. ५५९५७५२ R.N. R Real state Pvt. Ltd. लाई फिर्ता दिने ।

**निर्णय नं ८.** प्रस्ताव नं. ७ माथि छलफल हुंदा महानगरपालिकाले पार्किंग ठेक्का प्रकियामा सम्झौताको चरणमा पुगी मिति २०७७।३।८ मा फेवा साबित्री जे.भी. प्रा.लि.को नाममा आशय पत्र जारी भै उक्त संस्थाले आफुले कवोल गरेको रकम नगद तथा बैंक जमानत बुझाइसकेको अवस्थामा देशभर लकडाउन हुन गै संझौता हुन नसकेकोले बैंक जमानतको अवधि थप गरी ल्याएमा संझौताको मितिबाट सूचना वमोजिमको अवधि कायम गरी संझौता गर्न तथा संझौता उप्रान्त ७ (सात) दिन भन्दा ज्यादा अवधिको लागि पोखरा उपत्यकामा राज्यको तर्फबाट कुनै पनि प्रकारको लक डाउन भएमा सो अवधि संझौता अवधिमा कट्टा गरी वा संझौताको म्यादमा थप समय दिन सक्ने गरी पट्टा बन्दोवस्त गर्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । उक्त संस्थाले बैंक जमानत थप गरी नल्याएमा पेश भएको बैंक जमानतको म्याद राखी संझौता गर्न तथा सो संस्था संझौता गर्न अनिच्छुक देखिएमा कानुन वमोजिम गर्न समेत कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ९.** प्रस्ताव नं. ८ माथि छलफल हुंदा भवन निर्मीत तथा अभिलेखिकरण सम्बन्धी कार्यबिधी, २०७६ बमोजिम छ महिना अवधिको लागि मिति २०७६।१०।१० गते स्थानीय राजपत्रमा प्रकाशन भएकोमा सोही अवधिमा कोभिड -१९ को कारण देशभर नै लकडाउन भै नागरिकहरु सेवा लिन असमर्थ भएकाले तथा अवधि थप्न माग भै आएकोले नक्शा अभिलेखिकरणको अवधि २०७७ श्राबण १ देखि पुन: छ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १०.** प्रस्ताव नं. ९ माथि छलफल गर्दा महानगरपालिकाबाट नक्शा स्वीकृत भएका भवनहरुको घर बनाउनु पर्ने अवधि २ बर्ष तथा म्याद थप पाउने अवधि अर्को २ बर्ष गरी ४ वर्ष म्याद रहनेमा, सो ४ बर्षे म्याद लकडाउन भएको अवधिमा समाप्त भएका सेवाग्राहीहरुको स्वीकृत नक्शा निर्माणको पूर्ण म्याद २०७७ श्राबण १ देखि ६ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११.** प्रस्ताव नं. १० माथि छलफल हुंदा महानगरपालिकाको लागी चालु आ.व. २०७७।०७८ को लागि निर्माण सामाग्री, ज्याला, ढुवानी लागायतको दररेट निर्धारण गर्ने विषयमा गण्डकी प्रदेश पुर्वाधार कार्यालयको

समन्वयमा जिल्ला प्रशासन कार्यालय, कास्कीबाट स्वीकृत आ.व. २०७७०७८ को जिल्ला दररेट नै उपयुक्त देखिएकाले गत विगतको अभ्यास समेतका आधारमा सोही दररेट पोखरा महानगरपालिकाको लागि पनि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १२.** प्रस्ताव नं. ११ माथि छलफल हुंदा महानगरपालिकामा "घ" वर्गको ईजाजत पाउन निबेदन पेश भएका निम्न निबेदकहरुको कागजात अध्ययन गरी नियमानुसार ईजाजत दिने भनी समितिबाट सिफारिश प्राप्त भएकोले इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

१. समिरा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. पोखरा-२६
२. रिच पोखरा कन्स्ट्रक्सन प्रा.लि. पोखरा-८
३. बराल बिल्डर्स प्रा.लि. पोखरा-२२
४. मुखिया बिल्डर्स प्रा.लि. पोखरा-७
५. ड्रिमहोम निर्माण सेवा प्रा.लि. पोखरा-८

**निर्णय नं. १३** प्रस्ताव नं. १२ माथि छलफल हुंदा कोभिड -१९ को कारणले व्यवसायमा परेको प्रभावको आधारमा बिभिन्न सहुलियत एवं आय ठेककाका आफुले कबोल गरेको रकममा छुट माग गरी दर्ता भएको निम्न निबेदनहरुको सोहि तालिकामा उल्लेख भए बमोजिम गर्ने निर्णय गरियो ।

## एजेण्डा राजश्व संग सम्बन्धित

### कोभड-१९ को कारणले विविध छुट सहुसलयत माग गरी परेका आय ठेक्का तथा भाडा लगायतका विषय समेटिएका निवेदनहरुको व्यहोरा ।

| सि.न. | निवेदक | विषय | नगर सभाको निर्णयले शंसोधन गर्ने नगर्ने | कार्यापालिकाको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| 1 | नेपाल मिडिया टेक्नोलाजि प्र.लि | बिज्ञापन बोर्डको बिज्ञापन १ बर्षको कवोल रकम मिनाहा माग भएको अन्यथा सम्झौता रद्द गरिदिने निवेदन प्राप्त | | कानुन बमोजिम गर्न प्रमुख प्रशासकिय अधिकृत लाई निर्देशन दिने । | |
| २ | पोखरा साईनेज प्रा.लि | कोभिडको कारण बिज्ञापन कर संकलन कार्य जिम्मा लिन नसक्न भएकोले बोलपत्र धरौटी रकम फिर्ता सम्बन्धमा | | कानुन बमोजिम गर्न प्रमुख प्रशासकिय अधिकृत लाई निर्देशन दिने । | |
| ३ | नपा को सटरहरु | सटर भाडाको रकम छुट मागेको | ३ महिनाको भाडा मिनाहा गर्ने | नगर सभाको निर्णय बमोजिम ३ महिनाको भाडा रकम छुट गर्ने | |
| ४ | घाटहरुको राजश्व रकम छुट मागेको | | | | |
| | अदालतमा मुद्धा विचाराधिन रहेका घाटहरु | | | | |
| क | राजी कन्टक्सन | | | सम्मानीत सर्वोच्च अदालतको अन्तिम फैसला बमोजिम हुने | |
| ख | फेवा सावित्री जे.भी. | | | | |
| ग | टि.वि. निर्माण सेवा | | | | |
| घ | अमृतमान कन्स्ट्रक्सन | | | | |
| ङ | आर. जे. कन्स्ट्रकसन | | | | |
| | अन्य घाटहरुको | | | | |
| च | एम.वाई.एस. कन्स्टक्सन | लकडाउन समयको रकम छुट | | राजश्व परामर्श समितिमा छलफल गरी प्रतिबेदन साथ कार्यपालिका बैठकमा पेश गर्ने | |
| छ | अजित निर्माण सेवा | लकडाउन समयको रकम छुट | | | |
| ज | वि.एण्ड वि. कन्स्ट्रक्सन | लकडाउन समयको रकम छुट | | | |
| झ | दिनेश कन्स्ट्रक्सन | लकडाउन समयको रकम छुट | | | |
| ञ | ओम बाराही कन्सट्रक्सन | लकडाउन समयको रकम छुट | | | |
| ट | काहुखोला घाट सन्चालक | नगरपालिकाले काम रोक्का गरेकोले रोक्का अवधिको रकम छुट | | | |
| 5 | भण्डार थुटुङ निर्माण सेवा | सेती गोर्ज दृष्यावलोकन लकडाउन छुट | | | |
| 6 | नाइस नेपाल कन्स्ट्रक्सन | फेवाताल दृष्यावलोकन लकडाउन समय थप | | | |
| 7 | नेपाल हवाई खेलकुद संस्था | सराङ्गकोटको जग्गा भाडा सहुलिएत | | | |
| 8 | आकृति एडभरटाईजिङ्ग | यात्रु वस प्रतिक्षालयको रोयल्टी रकममा लकडाउन अवधिको रकम दामासाहीले मिनाहा पाँउ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 9 | चंखपुर निर्माण सेवा | लकडाउन समयको सराङ्कोट दृष्यावलोकन शुल्क दामासाहीले ७० दिनको छुट उपलब्ध गराउने सम्बन्धमा | | राजश्व परामर्श समितिमा छलफल गरी प्रतिबेदन साथ कार्यपालिका बैठकमा पेश गर्ने | |
| 10 | शुभ जगदम्बा कन्ट्रक्सन एण्ड ईन्जिनियरीङ | लकडाउन अवधिमा ल्याण्डफिल साइटमा कवाडीजन्य सामाग्री संकलनको लागि कामदारहरुले कार्य गर्न नपाएकोले उक्त समय अवधिको रकम छुट | | | |
| 11 | सिम्रन कन्ट्रक्सन | लकडाउन अवधिमा सवारी साधनको आवागमन नभएकोले पोखरा महानगर क्षेत्रबाट कवाडीजन्य सामाग्री निकासी गर्न नपाएकोले उक्त समयको अवधिको रकम छुट | | | |

**निर्णय नं १४.** प्रस्ताव नं. १३क. माथि छलफल हुंदा **पोखरा महानगरपालिकाको संक्षीप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण मापदण्ड, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १५.** प्रस्ताव नं.१३ख. माथि छलफल प्रस्ताव हुंदा पोखरा महानगरपालिकाको **उपप्रमुख संग महिला कार्यक्रम कोष संचालन कार्यबधि, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १६. प्रस्ताव नं. १३ग. माथि छलफल हुंदा **पोखरा महानगरपालिकाको कृषि बजार निर्देशिका, २०७७,** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १७.** प्रस्ताव नं. १३घ. माथि छलफल हुंदा **पोखरा महानगरपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १८. प्रस्ताव नं. १३ङ. माथि छलफल हुंदा पोखरा **महानगरपालिकाको घर बहाल कर व्यवस्थापन कार्यबिधि, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९** प्रस्ताव नं. १३च माथि छलफल हुंदा बिज्ञापन कर संकलन कार्यबिधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०.** प्रस्ताव नं. १३छ. माथि छलफल हुंदा **पोखरा महानगरपालिकाको निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको संकलन, उत्खनन तथा ओसार पसारको लागि इजाजत प्रदान गर्ने कार्यबिधि, २०७७ स्वीकृत** गर्ने निर्णय गरियो ।

**निर्णय नं २१.** प्रस्ताव नं. १३ज. माथि छलफल हुंदा **पोखरा महानगरपालिकाको आय ठेक्का बन्दोबस्त नियमावली, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २२. प्रस्ताव नं. १४ माथि छलफल हुंदा आ.व. २०७६।०७७ मा सम्पादित कार्यक्रमहरु र हासिल भएको वित्तीय तथा भौतिक प्रगतिको वार्षिक समिक्षा कोभिड-१९ को कारणले ठूलो संख्यामा सहभागि भै सम्पन्न गर्न प्राविधिक कठीनाई पर्ने देखिएकोले विषयगत महाशाखाहरुले विषयगत समिति संग समन्वय गरी अलग अलग समिक्षा आयोजना गर्ने निर्णय भयो ।

**निर्णय नं २३.** प्रस्ताव नं. १५ माथि छलफल हुंदा महानगरपालिकाका विभिन्न पदका विभिन्न वडामा कार्यरत १६ जना कर्मचारीहरुलाई महानगरपालिकाको आवश्यकता बमोजिम पद मिलान गरी रिक्त स्थानमा चालु आ.व. को लागि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं २४.** प्रस्ताव नं. १६क. माथि छलफल हुंदा यस म.न.पा.को ३३ नं वडामा रहेको हिंसा पिडित महिला पुर्नस्थापना केन्द्र (सार्वजनिक भवन) को सम्पन्नको अन्तिम चरणमा पुगेको निर्माणाधिन भवनमा कोभिड-१९ का विरामीहरु राख्न Isolation बनाउन उपयुक्त र आवश्यक देखिएको, उक्त भवन सम्पन्न गर्न गण्डकी प्रदेश सरकार र महानगरपालिकाबाट साझेदारी गरी सम्पन्न गर्ने सहमति भएको तर ठेक्का प्रकियामा जांदा लामो समय लाग्ने, उपभोक्ता समिति मार्फत बनाउंदा जनसहभागिता नजुट्ने भएकोले उक्त सार्वजनिक भवन

तत्काल निर्माण कार्य अघि बढाउन उपभोक्ताबाट जुटाउनु पर्ने जनसहभागिता बापतको रकम मिनाहा गर्ने र उपभोक्ता समिति मार्फत कोभिड नियन्त्रण कोषबाट खर्च व्यहोर्ने गरी निर्णय गरियो ।

**निर्णय नं २५.** प्रस्ताव नं. १६ख) माथि छलफल हुंदा महानगरपालिकाबाट उपभोक्ता समिति मार्फत योजनाहरु संचालन गर्दा गत विगत आ.व. मा २० प्रतिशत भन्दा कम जनसहभागीता हुने गरी कार्यान्वयन भएकोमा अन्तिम लेखापरीक्षण हुंदा २० प्रतिशत भन्दा कम जनसहभागिता भएका योजना नियमित नभएको भनि प्रतिबेदन प्राप्त भएको सन्दर्भमा अवदेखि उपभोक्ता समिति मार्फत योजना कार्यन्वयन गर्दा कम्तिमा २० प्रतिशत जनसहभागिता हुने गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २६.** प्रस्ताव नं. १७ माथि छलफल हुंदा फोहर मैला ब्यवस्थान र हाल प्रयोगमा रहेको ल्याण्डफिल्ड साइटको भविष्यको विषयमा नेपाल सरकार, नागरीक उड्डयन प्राधिकरण समेत संग राय लिइ नयां व्यवस्थापनको खाका तैयार गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गर्दै, फोहोर मैला ब्यवस्थापन सम्बन्धमा विगतमा वडा नं. १३ का वडा अध्यक्ष श्री लेख बहादुर तामाङ्गको संयोजकत्वमा वडा अध्यक्ष श्री मोहन बास्तोला, वडा अध्यक्ष श्री राजकुमार गुरुङ्ग, वडा अध्यक्ष श्री प्रकाश पौडेल र कार्यपालिका सदस्य श्री राधिका योगी भएको समति गठन गरी समितिलाई दुई महिनाको समय दिई अवधारणा पेश गर्न लगाउने । फोहरमैला ब्यवस्थापनको क्षेत्रमा अर्को व्यवस्था नभए सम्म हाल फेहोर मैला संकलन व्यवस्थापनमा परिचालित संस्थाहरुको साबिककै शर्त बमोजिम, चाडवाडको मौसम तथा कोभिड १९ को अवस्था समेत विचार गरी २०७७ पौष महिना सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं २७.** प्रस्ताव नं. १८ माथि छलफल हुंदा पोखरा महानगरपालिकाले स्थापना गरेको गण्डकी बहु प्राबिधिक शिक्षालयलाई भवन बनाउन जग्गा आवश्यक भएकाले पो.म.न.पा. वडा नं. २९ मा रहेको कित्ता नं. ३९०१, ३९०२, ३९०३ क्षे.फ. १३१५२२ को नेपाल सरकारको नाउंमा रहेको जग्गा गण्डकी प्राबिधिक शिक्षालयको भवन निर्माण गर्न भोगाधिकारका लागि नेपाल सरकार संग माग गर्न जिल्ला प्रशासन कार्यालय कास्की र मालपोत कार्यालय कास्कीलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं २८.** प्रस्ताव नं. १९ माथि छलफल हुंदा स्थानीय सरकारको अवधारणालाई मूर्त रुप दिई सेवा प्रवाह सरल र प्रभावकारी बनाउन चालु आ.व. देखि वडा कार्यालयलाई बजेट अख्तियारी प्रदान गरी खर्च गर्ने व्यवस्था मिलाइएको विषय बैठकलाई जानकारी गराइयो ।

**निर्णय नं २९.** प्रस्ताव नं. २० माथि छलफल हुंदा गण्डकी प्रदेशको गाउं सभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन, २०७७ को दफा १५ अनुसार महानगरपालिकाका पदाधिकारी तथा नगरसभाका सदस्यहरुले पाउने भनी सोही ऐनको अनुसूचिमा उल्लेखित सुबिधा मध्ये **अनुगमन र समन्वय सहजिकरण** गरे बापत उपलब्ध हुने सुविधाको भुक्तानी गर्ने विषयमा जनप्रतिनिधिको मूख्य काम नै अनुगमन र समन्वय तथा सहजिकरण गर्ने प्रकृतिको रहेकोले उक्त कार्यहरुको मासिक प्रतिबेदन लिने विषय झंझटिलो भएको समेत कारणले कुनै सदस्य सात दिन भन्दा बढी कुनै कारणले बिदामा बसेको वा आफ्नो कार्यक्षेत्रमा नरहेको समयको रकम कट्टा गर्ने गरी मासिक रुपमा बैंक खातामा रकम जम्मा गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३०.** प्रस्ताव नं. २१ माथि छलफल हुंदा राजश्व शाखालाई ठुला करदाता शाखा, आय ठेक्का व्यवस्थापन शाखा र राजश्व नीति तथा आन्तरिक आय व्यवस्थापन शाखामा विशिष्टिकरण गर्ने । नीतिगत कार्य राजश्व नीति तथा आन्तरिक आय व्यवस्थापन शाखाले गर्ने र अन्य शाखाले आफ्नो TOR मा केन्द्रित रही कार्य गर्ने गरी कामको बांडफांड गर्ने, शाखाको TOR राजश्व परामर्श समितिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३१.** प्रस्ताव नं. २२ माथि छलफल हुंदा पोखरा महानगरपालिकाको हालको भवन अत्यन्त सानो भई बिभिन्न शाखा, महाशाखा भाडामा समेत बसेको अवस्था भएकोले महानगरपालिकाको विभिन्न शाखा तथा महाशाखाको लागि नयाँ भवन आवयक भएको हुंदा महानगरपालिकाको नाउंमा वडा नं ८ मा रहेको (पुरानो दमकल भनिने) जग्गामा महानगरपालिकाको कार्यालय भवन बनाउने निर्णय गरियो । सो प्रयोजनको लागि अविलम्व प्रकृया आरम्भ गरी वहुबर्षिय खरिद प्रकृया मार्फत निर्माण कार्य आरम्भ गर्न नगरकार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ३२.** प्रस्ताव नं. २३ माथि छलफल हुंदा पोखरा महानगरपालिका मुख्य शहरका महत्वपूर्ण क्षेत्र तथा प्रबेश नाकामा प्रविधि मार्फत सुरक्षा निगरानी गर्न बृहत स्तरमा CCTV राख्ने र उक्त कार्यको लागत साझेदारी गर्न गण्डकी प्रदेश सरकार तथा स्थानीय प्रशासन संग समन्वय गर्ने निर्णय गरियो । सुरक्षा निगरानीको केन्द्र विन्दु जिल्ला प्रहरी कार्यालयमा रहने गरी, महानगरपालिकाको नगर प्रहरी तथा अन्य सुरक्षा संयन्त्रले पनि उक्त सूचनामा पहूँच पाउने गरी व्यवस्थापनको खाका तैयार गर्ने, तथा बार्षिक मर्मत संभारको समेत प्रवन्ध समेटि स्थानीय प्रशासन संग समझदारी गर्ने निर्णय भयो । जिल्ल प्रहरी कार्यालयमा हाल निर्माणाधिन भवनको संयोजन गरिरहेका वडा नं. ४ का अध्यक्ष श्री शंकर बास्तोलाले भवन निर्माणको कार्यलाई सिघ्र सम्पन्न गर्न पहल गर्ने, तथा कार्यालयले आवश्यकता बमोजिम तेस्रो पक्षको प्राबिधिक सहयोग लिई बिज्ञ परामर्श दाताले पेश गरेको प्रतिबेदनमा शहरी योजना आयोगका सदस्य श्री सरोज कोईराला समेतको सुझाब समेटि अन्तिम रुप दिने र तिन महिना भित्र कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३३.** प्रस्ताव नं. २४ माथि छलफल हुंदा पोखरा महानगरपालिकाको बसपार्क निर्माणको कार्य आरम्भ गर्न नगर विकास समितिलाई आग्रह गर्ने तथा बसपार्कको प्रबेश द्वार अन्तराष्ट्रिय मापदण्ड बमोजिमको बनाउन उक्त स्थानको केही जग्गा प्राप्त गर्ने प्रकृया नगरविकास समिति मार्फत अगाडि वढाउन सुझाव दिने निर्णय गरियो । वसपार्क भित्र अब्यवस्थित रुपमा वसेका ब्यक्तिहरुको व्यवस्थापनको खाका तैयार गर्न र अन्य तैयारी गर्न वडा नं. १६ का अध्यक्ष श्री जीवन आचार्यको संयोजकत्वमा निम्न सदस्य रहेको समिति गठन गर्ने र समितिका अन्य सदस्य नगरप्रमुखले तोकेवमोजिम हुने निर्णय गरियो । उक्त समितिलाई तिन महिनाको समय उपलब्ध गराउने निर्णय पनि गरियो ।

सदस्यहरु : वडा नं. ३ का अध्यक्ष श्री रबिन्द्र बहादुर प्रजु
वडा नं. ८ का अध्यक्ष श्री रुद्रनाथ बराल
वडा नं. १० का अध्यक्ष श्री राजकुमार गुरुङ्ग
वडा नं. १७ का अध्यक्ष श्री तिर्थराज अधिकारी

**निर्णय नं ३४.** प्रस्ताव नं. २५ माथि छलफल हुंदा पोखरा महानगरपालिका भित्र रहेका पक्की तथा कच्ची सडकहरुको तत्कालै मर्मत गर्न पुर्वाधार विकास कम्पनीको स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने निर्णय भयो । महानगरपालिकाको तर्फबाट कम्पनीको स्थापना गर्न कानुनी रुपमा संभव नभएमा पूर्वाधार विकास तथा मर्मत संभार आयोजनाको रुपमा काम थालनी गर्ने निर्णय भयो । उक्त कम्पनीको प्रयोजनको लागि नदीजन्य सामाग्री भण्डार गर्ने स्थान, एक चरणको सामाग्री Processing Plant, सडकको मर्मतको लागि Asphalt Plant समेत स्थापना गर्नु पर्ने, तथा केही यन्त्र तथा उपकरणहरु खरिद गर्नु पर्ने भएकोले सो प्रयोजनको लागि जग्गाको खोजी गर्न वडा कार्यालयहरुलाई आग्रह गर्ने र जग्गा उपलब्ध भएमा, यसको प्रारम्भिक चरणका कार्य आरम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं ३५.** प्रस्ताव नं. २६ माथि छलफल हुंदा महानगरपालिकाका मुख्य पदाधिकारीहरु तथा प्रमुख प्रशासकीय अधिकृतको लागि आवास भवन नभएको र भाडामा लिंदा वर्षेनी ठुलो रकम खर्च भएकोले महानगरपालिकाको आफ्नै आवास भवनहरु बनाउन आवश्यक जग्गा पोखरा उपत्यका नगर विकास समिति संग भोगाधिकार माग गर्ने निर्णय गरियो ।

**निर्णय नं ३६.** यस महानगरपालिकामा आवश्यक संख्याामा नगर प्रहरीको पदपुर्ती गर्नुपर्ने भएकोले उक्त कार्यको लागि नगर प्रहरी सम्बन्धी ऐन बमोजिम आवश्यक प्रहरी संख्या, दरबन्दी खाका, संगठन संरचना र पदपुर्तीको ढाँचा समेत समेटिएको अवधारणा तयार गरी कार्यपालिकाको तर्फबाट स्वीकृत गर्न निम्न बमोजिमको समिति गठन गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । स्वीकृत भएपछि सोही खाका बमोजिम नगर प्रहरी पदपुर्ती गर्ने निर्णय गरियो ।

क. संयोजक- श्री उप-प्रमखु पोखरा महानगरपालिका,
ख. सदस्य- वडा अध्यक्ष वडा नं. ९ श्री रामराज लामिछाने,
ख. सदस्य- वडा अध्यक्ष वडा नं. १९ श्री शोभामोहन पौडेल,
ख. सदस्य सचिव- बरिष्ठ कानुन अधिकृत श्री नारायण प्रसाद शर्मा,

**निर्णय नं ३७.** प्रस्ताव नं. २८ माथि छलफल हुंदा महानगरपालिकामा कार्यरत अस्थायी करार र सेवा करारको कर्मचारीले पाएको विभिन्न अतिरिक्त सुबिधाको विषयमा पटक पटक लेखा परीक्षण प्रतिबेदनमा प्रश्न उठेकाले त्यस्तो सुविधा कटौति गर्दै, यस्ता कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने विषयमा अध्ययन गरी तथा कर्मचारीका प्रतिनिधिहरु संग समेत छलफल गरी, यसबाट कार्यालयलाई थप हुने दायित्व एकिन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३८** प्रस्ताव नं. २९ माथि छलफल हुंदा महानगरपालिकाबाट (महानगरपालिका, सावीकका सेवा केन्द्र तथा वडा कार्यालयबाट) स्वीकृत भएको घर नक्शा सम्बन्धी सेवाको गुणस्तर परिक्षण गर्न आवश्यक देखिएकाले Third Party Verification मार्फत सेवा प्रवाहको गुणस्तर परीक्षण गर्ने र सो को प्रतिबेदन कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३९.** प्रस्ताव नं. ३० माथि छलफल हुंदा राजश्व प्रशासनमा प्रबिधिको मद्दतले भएको वा हुन सक्ने चुहावटको Technical Audit गर्न नेपाल सरकारको सम्बन्धित निकाय वा तेस्रो पक्षको मद्दत लिने र अध्ययन प्रतिबेदन कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४०.** प्रस्ताव नं. ३१ माथि छलफल हुंदा महानगरपालिकाबाट संकलन गरिने विज्ञापन करलाई बैज्ञानिक र प्रभावकारी बनाउन आवश्यक भएकाले शहरमा रहेका बिज्ञापन बोर्डहरुको लगत संकलनको लागि सार्वजनिक सूचना जारी गर्ने तथा संस्थागत सेवा परामर्श लिई प्रतिबेदन तैयार गरी कार्यपालिकामा पेश गर्ने । सोही प्रयोजनको लागि विगतमा यस सम्बन्धमा अध्ययन गरेको वडा नं.- १० का वडा अध्यक्ष श्री राजकुमार

गुरुङ्गको समितिले यसमा अध्ययन, समन्वय तथा सहजिकरणको कार्य गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४१.** प्रस्ताव नं. ३२ माथि छलफल हुंदा महानगरपालिका र वडा कार्यालयबाट विभिन्न विषयका अंग्रेजीमा गरिने सिफारिसलाई भाषीक स्तरीकरण गर्न आवश्यक भएकाले ज्यादा प्रचलित सिफारिसको अंग्रेजी अनुवाद गरी फाराम तैयार गरी वडामा पठाउने निर्णय गरियो

**निर्णय नं ४२.** प्रस्ताव नं. ३३ माथि छलफल हुंदा लेखनाथ स्थित तालहरुको मापदण्ड अध्ययन गरी प्रतिवेदन पेश गर्न भुगोलबिद डा. श्री सोमनाथ सापकोटाको संयोजकत्वमा समिति गठन गर्ने । उक्त समितिले सरोकारवालाहरु समेतको सहयोगमा आवश्यक कार्य गरी महानगरपालिकामा प्रतिबेदन पेश गर्ने निर्णय गरियो । समितिका अन्य सदस्य नगर प्रमुखले तोक्ने निर्णय गरियो ।

**निर्णय नं ४३.** प्रस्ताव नं. ३४ माथि छलफल पोखरा महानगरपालिकाको वडा नं. ६ र २२ क्षेत्रमा भित्र जिपलाईन बञ्जीजम्पको सम्भाव्यता अध्ययन गर्न नारायण प्रसाद पौडेलले निवेदन पेश गरेकोले सो संस्था संग संचालन गर्ने परियोजनाको विस्तृत खाका माग गर्ने निर्णय गरियो । उक्त निवेदनको अग्रीम कारवाही महानगरपालिकाको सानिसा समिति मार्फत अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं ४४.** प्रस्ताव नं. ३५ माथि छलफल हुंदा म.न.पा. का वडाहरुलाई बालमैत्री वडा बनाउन संघीय बालबालिका ऐन, २०७५ तथा निर्देशिका वमोजिम बालमैत्री क्षेत्र घोषणाका न्यूनतम सूचकहरुको पालना गर्दै घोषणाका कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५.** लेण्डफिलमा रहेको मल मुत्र जन्य फोहरको ब्यवस्थापन सम्बन्धी ठेक्काको विषयमा प्रस्ताव मूल्याङ्कनको क्रममा नै रहेको अवस्थामा हाल उक्त कार्य गर्ने जिम्मेवारी पाएको संस्था हरियाली मल्टिपल सर्भिस ~~पोखरा ग्रिन मार्ट~~ प्रा.लि. ले सम्मानीत उच्च अदालतमा मुद्दा दायर गरेको, सो सम्बन्धमा सम्मानीत उच्च अदालतबाट अन्तरिम आदेश जारी नभएतापनि आसय पत्र दिन कठीनाई पर्ने अवस्था देखिएकोले यस विषयमा वातावरण समितिले आवश्यक छलफल गरी निर्णयमा पुग्ने र उक्त समितिको निर्णय कार्यपालिकाको निर्णय मानी कार्यान्वयन गर्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय भयो ।

**निर्णय नं ४६.** महानगरपालिकाको दमकलले आगो निभाउन जाने कममा मिति २०७७३।८ मा ग२ च २९६५ नं. को सवारी साधनलाई क्षति पुर्‍याएकोले उक्त सवारी साधन मर्मत गर्दा लागेको खर्च रु ११५८७१।- भुक्तानी दिने निर्णय भयो ।

**निर्णय नं. ४७.** महानगरपालिकाको सरसफाई शाखाले रुखको हांगा काट्दा हाङ्गा झरी शुक्लागण्डकी नगरपालिका वडा नं. ३ वस्ने अनिल तिवारी/ बिधा कुमारी गिरी लाई चोट पटक लाग्न गरएको र त्यसको उपचारको क्रममा भएको खर्च र अस्पताल खर्च रु. ३,४५,९२३ ।- माग दावी गरेकोमा अस्पतालको बील, खाना र गाडी भाडा समेत गरी एकमुष्ट पेश भएका कागजात अध्ययन गरी आर्थिक प्रशासन शाखाले रु.३,००,०००।- मा नबढ्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.४८. पोखरा महानगरपालिका क्षेत्रमा रहेका विभिन्न घाटहरुको नयाँ आर्थिक बर्षको लागि ठेक्का गर्नु पर्ने अवस्था रहेको र सो प्रयोजनको लागि हाल IEE को लागि परामर्शदाता संग संम्झौता गर्ने चरणमा रहेकाले घटीमा पनि चार महिना घाटहरुको ठेक्का लाग्ने अवस्था नभएको ब्यहोरा बैठकलाई जानकारी गराइयो । हाल बालुवा संकलनको लागि संचालित वर्खे घाट यही भदौ मसान्तबाट बन्द गर्ने र उक्त घाटहरु नयाँ ठेक्का प्रवन्ध नभए सम्म संरक्षण गर्न गेट वनाई चावी लगाउने, स्थानीय प्रशासनलाई आवश्यक कार्यको लागि अनुरोध गर्ने तथा आवश्यकता अनुसार सुरक्षा गार्ड समेत राखी घाटहरुको संरक्षण गर्न महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो । साथै आ-आफ्नो क्षेत्रका घाटहरुको संरक्षण तथा चोरी निकासी हुन नदिने व्यवस्था वडा कार्यालयले समेत गर्ने ।

निर्णय नं. ४९. महानगरपालिकाको आ.व.२०७५।०७६ को लेखा परीक्षण प्रतिबेदनमा आम्दानी र बैंक जम्मा हिसाब नमिलेको भनी उल्लेखित विषयमा कार्यालयले आन्तरिक रुपमा हिसाव एकीन गर्ने कामको लागि कार्यदल गठन गरेकोले कार्यदलको प्रतिबेदन पछि अन्तीम कारवाही गर्ने तथा कार्यदलले तोकिएको मितिमा प्रतिबेदन दिन नसकेमा तेस्रो पक्षको मद्दत लिई हिसाब यकिन गर्ने कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५०. महानगरपालिकाका बिभिन्न स्थानमा महानगरपालिका संग सम्झौता गरि राखिएका यात्रु प्रतिक्षालय बिना जानकारी सूचना प्राप्त हुन आएको र त्यसलाई रोक्न स्थानीय प्रशासनलाई पत्राचार गरिएको ब्यहोरा बैठकमा जानकारी गराइयो । नियम बिपरित प्रतिक्षालय उठाउने ब्यक्ति तथा संस्थाको पहिचान भएमा कारवाहीको दायरामा ल्याउने निर्णय गरियो ।

निर्णय नं. ५१. महानगरपालिकाबाट भएको कवाडी ठेक्का लगाउने विषयमा सम्मानित उच्च अदालतको अन्तरिम आदेशबाट हाल स्थगनको चरणमा रहेको ब्यहोरा बैठकलाई जानकारी गराइयो । सो विषयमा अदालतको आदेश पछि नियमानुसार कारवाही अघि बढाउने निर्णय गरीयो ।

निर्णय नं. ५२. महानगरपालिकाले मिति २०७६/०७७ को छैटौं नगर सभाको निर्णयबाट महानगरका केहि सडकहरुमा क्षेत्रमा घर बनाउंदा भुमीगत पार्किङ्ग अनिवार्य गर्ने गरी भएको व्यवस्थालाई परिमार्जन गरी निम्न सडकहरुमा घर बनाउंदा मोहोडा २० हात भन्दा कम वा क्षेत्रफल आधा रोपनी भन्दा कम भएका जग्गामा घरहरु निर्माण गर्नुपर्दा भुमिगत पार्किङ अनिवार्य नगर्ने निर्णय गरियो ।

क. तालचोक- बिजयपुर -अमरसिंह चोक- पृथ्वीचोक -जिरो कि.मी. हुंदै हल्लन चोक सडक

ख. पृथ्वीचोक -मुस्ताङ्गचोक- बिरौटा हुंदै छोरेपाटन ।

ग. पृथ्वीचोक -नयांबजार- महेन्द्रपुल -पालिखेचोक -नदीपुर - के.आई.सिंह पुल- लामाचौर -बाटुलेचौर -महेन्द्र गुफा ।

घ. न्यूरोड सडक

ङ. लेकसाईड -खहरे- हल्लनचोक -बाराही चोक- सहिदचोक हुंदै मुस्ताङ्ग चोक सम्म ।

च. बिरौटा चोक- राष्ट्रबैंक चोक- रत्न चोक- सिर्जनाचोक -सिद्वार्थ चोक- बगर ट्यांक्सीचोक

छ. जिरो कि.मि. देखि हरिचोक हुंदै हेम्जा सुईंखेत सम्म ।

ज. महेन्द्रपुल -रानीपौवा- हस्पिटल चोक हुंदै अमरसिंह चोक

झ. गौरीमार्ग- हस्पिटल चोक -बुद्वचोक हुंदै रामबजार सम्म

ञ. घलेचोकबाट वन क्याम्पस सम्मको सडक

ट. रानीपौवा देखि भद्रकाली हुंदै आर्वा साझाचोकसम्म

ठ. तालचोक- बेगनास सडक सम्म

ड. वि. पि. मार्ग (भर्दकाली चोक मियापाटन चोक हुंदै विजयपुर सम्म

ढ. अमरसिंह चोक देखि बिरेन्द्रचोक हुंदै कालिका क्याम्पसचोक सम्म

ण. साबिक पोखरा उप महानगरपालिका अन्तरगतका ३० फुट वा सो भन्दा बढी मापदण्ड भएका सबै सडकहरु

**निर्णय नं. ५३.** निर्माण व्यवसायको ईजाजत नविकरणको विषयमा नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा नबिकरणको अन्तिम म्याद पर्न गै नविकरण हुन नसकेका निर्माण व्यवसायीको ईजाजत पत्र नियमानुसार जरीवाना लिई चार महिना नवीकरण गर्ने । साथै चालु आ.व. को आर्थिक ऐनमा तोकिएको नविकरण शुल्कमा छुट दिई रु. ७०००।- कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं ५४.** महानगरपालिका र वडा कार्यालयहरुले सेवाग्राहीहरुलाई प्रदान गर्ने सेवामा कोरोना बिमा सिफारिस र लकडाउन अवधिमा सवारी साधनको पास सिफारिस निशुल्क गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५.** यस महानगरपालिकामा कोरोना संक्रमणबाट मृत्यु भएको मानिसको शव व्यवस्थापन गर्ने क्रममा वडा नं ३२ को मजुवामा भएको दुर्घटनामा क्षेती भएको सवारी साधन लगायतका बिभिन्न खर्चको वडा नं. ३२ को सिफारिस अनुसार बिल बमोजिम रु. ८८४७६।- प्रकोप व्यवस्थापन कोषबाट उपलव्ध गराउने निर्णय गरियो

**निर्णय नं. ५६.** नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७७५।०२ गतेको सूचना अनुसार प्रदेश र स्थानीय तहमा साझेदारी मार्फत पर्यटकीय गन्तव्यहरुको विकास गर्न, **पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७** बमोजिम यस महानगरपालिकामा उल्लेखित निर्देशिका अनुसार साझेदारीको लागि आवश्यक पर्ने रकम व्यहोर्ने गरि निम्न योजना संचालन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

१. कास्कीकोट पर्यटकीय पूर्वाधार विकास योजना वडा नं. २४- अनुमानित ल.ई. रु. ९,३७,९२४१४।-

२. ठुलाकोट पर्यटकीय पूर्वांधार विकास योजना वडा नं.२८- अनुमानित ल.ई. रु. ३,३०,४०,९९९।-

३. भद्रकाली धार्मीक क्षेत्र विकास योजना वडा नं. १३- अनुमानित ल.ई. रु. ३,६०,०००००।-